कार्यपालिकाबाट स्विकृत मितिः २०८१।१२।०५

# दलित विपन्न र सिमान्तकृत वर्ग आयआर्जन तथा सामग्री वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

**प्रस्तावनाः** फलेवास नगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने दलित विपन्न र सिमान्तकृत वर्गहरुमा सशक्तिकरण र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै आवश्यकता बमोजिमका सामग्रीहरु हस्तान्तरण गरी जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यले फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी फलेवास नगरपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न दलित र सिमान्तकृत वर्ग आयआर्जन तथा सामग्री वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले दलित विपन्न र सिमान्तकृत वर्ग आयआर्जन तथा सामग्री वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ सम्झनु पर्दछ।

(ख) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सिफारिस गरेको दलित समुदायको जात थर सूचीकृत विवरण बमोजिमको दलित समुदायलाई सम्झनु पर्दछ।

(ग) "सिमान्तकृत वर्ग" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

(घ) "कार्यक्रम" भन्नाले कार्यविधिको दफा ४ बमोजिम सञ्चालित कार्यक्रमलाई सम्झनु पर्दछ।

(ङ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले फलेवास नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "लक्षित वर्ग" भन्नाले दलित विपन्न र सिमान्तकृत वर्गलाई सम्झनु पर्दछ।

(ज) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सेवा सुविधा पाउने व्यक्तिलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्धेश्य विषयक्षेत्र र सहभागी छनौटको आधार

३. **उद्धेश्य:** (१) यस कार्यक्रमको प्रमुख उद्धेश्य नगरपालिकाभित्र स्थायी बसोबास गर्ने लक्षित वर्गहरुको सशक्तिकरण गर्दै जिविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर बनाई गरिबी निवारणमा सहयोग गर्नु हो।

(२) यस कार्यक्रमका अन्य उद्धेश्यहरु देहायबमोजिम रहेका छनः-

(क) लक्षित वर्गलाई आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्नु,

(ख) लक्षित वर्गलाई स्वरोजगार तथा उद्यमशील हुन सहयोग गर्नु,

(ग) लक्षित वर्गलाई विकासको मूलधारमा ल्याउनु।

४. **कार्यक्रम:** (१)यस कार्यविधिअनुसारका कार्यक्रमहरु देहायबमोजि हुनेछनः

(क) मेशिन उपकरणलगायतका सामग्री सहायता,

(ख) कृषि तथा पशुसँग सम्बन्धित आयआर्जनका कार्यक्रमहरु,

(ग) परम्परागत बाजा निर्माण एवम् मर्मतसंभार लगाएतका पेशासँग सम्बन्धित कार्यक्रम,

(घ) लक्षित वर्गको परम्परागत सीप र पेशाको संरक्षण, विकास, हस्तान्तरण र पुस्तान्तरण सम्बन्धी कार्यक्रमहरु,

(ङ) लक्षित वर्गको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम एवम् सचेतनामुलक कार्यक्रमहरु,

(च) लक्षित वर्गका छात्र/छात्राहरुमध्ये माध्यमिक तह (९-१२) एवम स्नातक तह अध्ययनरत विपन्न विद्यार्थिहरुको लागि दोहोरो नपर्ने गरी वार्षिक रु. २०,००० सम्म छात्रवृत्ति सहयोग, र

(छ) सामुहिक आवश्यकताका सामग्री हस्तान्तरण।

(२) माथि उल्लेखित कार्यक्रमहरु मध्ये लक्षित वर्गको एक परिवारमा कुनै एउटा कार्यक्रम मात्र सञ्चालन गर्न सकिनेछ र यस्तो कार्यक्रम सञ्चालन गर्दा एक परिवारमा बढीमा बिस हजार रुपैयाँ सम्म मात्र सहायता उपलब्ध गराउन सकिनेछ।

(३) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि लक्षित वर्गबाट माग भइ आएकोमा आवश्यकताबमोजिमका कार्यक्रमहरु कार्यपालिकाको निर्णय बमोजिम संचालन गर्न सकिनेछ।

५. <u>सहभागी छनौटको आधारः</u> (१) यस कार्यविधिबमोजिमका कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने आवेदकले देहायबमोजिमको आधारहरु पूरा गरेको हुनुपर्नेछः-

(क) व्यक्तिगत लाभग्राहिको हकमाः

१) फलेवास नगरपालिकामा स्थायी बसोबास भएको,

२) आर्थिक रुपमा विपन्न रहेको भनी सम्बन्धित वडाले सिफारिस गरेको।

(ख) समूहको हकमाः सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको।

६. <u>वस्तुगत सहायताः</u> (१) टोल स्तरबाट माग भई आएका लक्षित समूहलाई बजेटको परिधिभित्र रहि नियमानुसार बढीमा एक लाख रुपैयाँ सम्मको बस्तुगत सहायता उपलब्ध गराउन सकिनेछ।

(२) यो कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने वस्तुगत सहायतामा लाग्ने लागतमध्यें व्यक्तिगत लाभग्राहिले कम्तिमा १५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ।

## <u>परिच्छेद-३</u>

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

७. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> (१)कार्यालयले वडाबाट सिफारिस भई आएका लाभग्राहिलाई अनुदान एवम् सामग्री सहायता जुनसुकै रुपमा उपलब्ध गराउन सक्नेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन गरिने सामूहिक आवश्यकताका सामग्री वितरण कार्यक्रम उपभोक्ता समिति मार्फत समेत सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गर्ने अवस्था भएमा कार्यालयको कायदिश लिई सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार सामग्री खरिद गरि वितरण गर्नुपर्नेछ।

(३)यस कार्यक्रमको कार्यान्वयन पश्चात त्यसको लेखा राख्ने, लेखापरीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी नगरपालिकाको रहनेछ।

८. **<u>अनुगमन तथा निर्देशन समितिः</u>** यस कार्यकविधि बमोजिम संचालन हुने कार्यक्रमको अनुगमन गरि आवश्यक निर्देशन दिनका लागि देहायबमोजिमको ७ सदस्यीय अनुगमन तथा निर्देशन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ङ) | सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| (च) | दलित कार्यपालिका सदस्यहरु सबै | सदस्य |
| (छ) | लेखा शाखा प्रमुख | सदस्य |
| (ज) | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (झ) | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

## <u>परिच्छेद-४</u>

## <u>विविध</u>

९. **<u>प्रचलित कानूनबमोजिम हुनेः</u>** (१)यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन,२०६३ र खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(२)यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ।

आज्ञाले

कृष्ण प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत